# भाँचिएको पुल डेढ वर्षदेखि अलपत्र

**बोमलाल गिरी**
*नवलपुर, असोज ६ गते*



पूर्वपश्चिम राजमार्ग अन्तर्गत नवलपुरको दुम्कीबासस्थित विनयीखोलाको भाँचिएको पुल डेढ वर्षदेखि अलपत्र परेको छ। २०८१ पुस २६ गते शिवम् सिमेन्टको सामान बोकेर आएको एनएल ०१ ए एच ५१७९ नम्बरको भारतीय हेभी ट्रक पास हुने क्रममा पुल भाँचिएको थियो।

भाँचिएको पुलका संरचना डेढ वर्षदेखि खोलामै छन्। तोकिएको भन्दा बढी तौल ओसारेर पुलमा क्षति पुऱ्याएको भन्दै सरकारले शिवम् सिमेन्टलाई ८६ लाख रुपियाँ जरिबाना तिराएको थियो तर पुल मर्मत तथा पुनर्निर्माण कसले गर्ने भन्ने अन्योलका कारण लामो समयदेखि पुल अलपत्र परेको हो।

नारायणगढ–बुटवल खण्डको ११३ किलोमिटर विस्तारका क्रममा रहेकाले उक्त खण्डमा पर्ने पुल निर्माणको जिम्मा एडिबी अन्तर्गतको आयोजनाले गर्नुपर्ने सडक विभाग अन्तर्गत पुल महाशाखाको भनाइ छ।

वैदेशिक लगानीमा भइरहेका आयोजना क्षेत्रभित्रको काम सम्बन्धित आयोजनाले गर्नुपर्ने पुल महाशाखाले बताएको थियो। तर, आयोजनाले भने सम्झौतामा नभएकाले पुल बनाउन अस्वीकार गरेको छ। एडिबीको ऋण सहयोगमा विस्तार गरिरहेको सडक आयोजनाले ठेक्का सम्झौता हुँदा समावेश नभएकाले थप काम र योजना पूरा गर्न नसकिने बताएको आयोजनाका निर्देशक चूडाराज ढकालले बताउनुभयो।ढकालले भन्नुभयो, "हामीले ठेकेदार कम्पनीलाई आग्रह गरेका हौँ तर सम्झौतामा नभएको र बजेटले पनि नधान्ने भन्दै पुल निर्माण वा मर्मत गर्न मानेन। सम्झौतामा नभएकाले बाध्यकारी बनाउन पनि सकिएन।"

**टेन्डर खोल्न रकम अपुग**

सडक आयोजनाले पुल नबनाउने भएपछि सरकार आफैँ बनाउने निष्कर्षमा पुगेको छ। उक्त पुल ५० वर्ष पुगिसकेकाले मर्मत गर्दा फेरि समस्या आउन सक्ने भन्दै नयाँ पुल बनाउने निष्कर्षमा पुगेको सडक विभागले जनाएको छ।

४५ करोड रुपियाँको स्रोत सुनिश्चितका लागि लागत अनुमानसहित फाइल विपत् कोषमा पठाए पनि ४० करोड रुपियाँको मात्र स्रोत सुनिश्चित भएको र पाँच करोड नपुग्दा टेन्डर प्रक्रिया अघि बढाउन नसकिएको सडक विभाग अन्तर्गत सडक डिभिजन भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बताउनुभयो।

मुख्य राजमार्ग भएकाले पहिलेको भन्दा यहाँ चौगुना भारवहन क्षमता भएका सवारीसाधनलाई पुराना पुलले थेग्न सक्ने अवस्था छैन। यस खण्डमा सानाठुला गरेर दैनिक १० हजारभन्दा बढी गाडी गुड्ने गर्छन्। त्यसमाथि ओभरलोड बोकेर आउने भारतीय गाडीको भार थेग्न धौ धौ हुन्छ। ओभरलोड बोकेर आउने गाडीलाई सामान्य जरिबाना गराउने प्रचलनले पनि पुल र सडकमा बढी क्षति हुने गरेको छ। यो पुल भाँचिएपछि लामो समयसम्म खोलामा डाइभर्सन बनाएर गाडी सञ्चालन गर्नु परेको थियो। धुलो खाँदै घन्टौँ जाम सहनु पर्थ्यो भने डाइभर्सनको पनि ठेगान थिएन। पुल भाँचिएपछि २०८२ असार ५ गतेको मध्यराति काठमाडौँबाट नेपालगन्ज जाँदै गरेको भे. १ ख ४०८५ नम्बरको रात्रि बस डाइभर्सन पार गर्न खोज्दा विनयीखोलाले बगाएको थियो। सुरक्षाकर्मीले जोखिम मोलेर डोजरमा यात्रु राखेर उद्धार गरेका थिए।

सोही स्थानमा सडक विस्तारका क्रममा निर्माण भएको नयाँ पुल सञ्चालनमा आएपछि यात्रुलाई राहत भयो। अहिले सडक चार लेनको बनेको छ। पुल दुई लेनको मात्र छ। यसले गर्दा दुर्घटनाको जोखिम छ। चार लेनको सडकमा हुइँकेर आएका सवारीसाधन एक्कासि दुई लेनको सडकमा रोकिँदा दुर्घटनाको जोखिम बढेको ट्राफिक प्रहरीले जनाएको छ।

नारायणगढ–बुटवल सडकखण्ड अन्तर्गत बनेको ट्रस पुल ५० वर्षभन्दा पुरानो हो। राजमार्ग निर्माणका क्रममा तत्कालीन समयका सवारीसाधनको चाप र तिनले बोक्ने भार क्षमता अनुसार पुल निर्माण गरिएको थियो।

# चन्दा असुली अभियोगमा पक्राउ

**सुलीकोट समाचारदाता**
*सुलीकोट, असोज ६ गते*

गोरखाको सहिद लखन गाउँपालिका–१, बक्राङबाट चन्दा असुली गरेको अभियोगमा दुई जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा जिल्लाको पालुङटार नगरपालिका–७, च्याङलिङका अमृत सापकोटा र मोरङको मिक्लाजुङ गाउँपालिका–९ का राजकुमार माफी रहेका छन्।

जिल्ला प्रहरी कार्यालय गोरखाको प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार उनीहरूले आफूहरू नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का कार्यकर्ता भएको बताउँदै रामलक्ष्मण सामुदायिक वनका सचिव रामबहादुर भुजेलसँग चन्दा मागेका थिए। सोमबार दिउँसो सहिद लखन गाउँपालिका–१, खहरेटोलमा बसोबास गर्ने भुजेललाई डर, धाकधम्की दिँदै ज्यान लिनेसम्मको भाषा प्रयोग गरी पार्टीको लेटरप्याडमार्फत चन्दा मागेको सूचना प्राप्त भएपछि प्रहरी टोली परिचालन गरिएको थियो। टोली परिचालनमा प्रहरी सहायक निरीक्षक ईश्वर बाचे मगरको कमान्डमा खटिएको टोलीले चन्दा असुली गरिरहेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ।

**भूलसुधार**

मिति २०८३।६।६ गते गोरखापत्रको पृष्ठ ११ मा प्रकाशित निवेदक इन्द्रमाया मानन्धर भएको भूमि प्रशासन कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचनामा शान्ती मानन्धरको परलोक भएको **मिति २०८२।८।२३** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

**भूलसुधार**

मिति २०८३।४।११ गते गोरखापत्रको पृष्ठ नं. ११ मा प्रकाशित श्री काठमाडौँ जिल्ला अदालतबाट जारी भएको म्याद सूचना (वादी राजेन्द्र पोखरेल र प्रतिवादी ईश्वरी कुमारी श्रेष्ठ समेत भएको चेक अनादार मुद्दा) मा **मुद्दा नं. ०८१-C४-२४४१** हुनुपर्नेमा मुद्दा नं. ०८१-C४-२५३४ भई प्रकाशित भएकोले सच्याइएको छ।

**भूलसुधार**

मिति २०८३।६।६ गते गोरखापत्रको पृष्ठ १३ मा प्रकाशित **आन्तरिक राजस्व विभाग** लाजिम्पाट, काठमाडौँको मसलन्द तथा कार्यालय सामाग्री खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचनाको बोलपत्र फाराम दस्तुर महलमा **रू. 3,000।-** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

Government of Nepal
Ministry of Infrastructure Development
**Department of Roads**
**Bridge Branch**
Chakupat, Lalitpur

## Notice for Amendment and Extension of Bid Submission Deadline

**Date of Publication (6th Extension and 5th Addendum): 23rd September 2026**

It is hereby notified that the Department of Roads, Bridge Branch has amended the Bidding Documents and extended the bid submission deadline for the procurement of "Supply and Delivery of Modular Bridges" under Contract No. BB-337011324-Goods-082/83-01, IFB No. DOR-BB-01-082/83, invited through the National Competitive Bidding (Single Stage–Two Envelope) procedure.

Interested bidders are advised to refer to the detailed notice, amendments and other relevant information available on the Department of Roads website: https://dor.gov.np/home/notices.

**Deputy Director General**
**Bridge Branch**

## भुम्लु गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्ले, काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल**

### आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८३/०६/०७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड "घ" को उपखण्ड (६), दफा ६२, २(क) तथा ६५, २(ग) मा भएको व्यवस्था अनुसार ढुङ्गा, गिट्टी र बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार देहायको शीर्षकहरूमा राजस्व असुली सम्बन्धी काम आ.व. २०८३/०८४ का लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले बोलपत्र खरिद गरी देहायको मिति र समयभित्र खामबन्दी (Hard Copy) गरी स्वयं अथवा निजले तोकेको प्रतिनिधि उपस्थित भई कार्यालयमा बुझाउने वा खामबन्दी (Hard Copy) गरी हुलाक मार्फत यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८३।८४ को लागि निर्धारण गरिएको सङ्कलन तथा बिक्री परिमाण (घ.मि.) | आ.व. २०८३।८४ को लागि निर्धारण गरिएको ढुङ्गा, गिट्टी तथा बालुवा न्यूनतम दररेट रु. (प्रति क्युबिक फिट) | न्यूनतम कबोल रकम रु. (मू.अ. कर बाहेक) | बोलपत्र दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| BRM/NCB/IR/01/083/084 | वडा नं. १० पशुपति बगर | ५२०२६.९६ | ७ | १,२८,६१,२१५.३९ | ५,००० | कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम वा कम्तीमा १२० दिन अवधिको बैंक ग्यारेन्टी |
| BRM/NCB/IR/02/083/084 | वडा नं. १ बाधा बगर | १६७३८.९ | ७ | ४१,३७,८२७.४ | ५,००० | |
| BRM/NCB/IR/03/083/084 | आमथली र पाटी बगर वडा नं. ७ | ४१५६९.७ | ७ | १,०२,७५,९५६.६ | ५,००० | |
| BRM/NCB/IR/04/083/084 | आँपघाट बगर वडा नं. ६ | ३५०४१.१० | ७ | ८६,६२,२६१.५४ | ५,००० | |
| BRM/NCB/IR/05/083/084 | काफ्लेका गर्तिला लामपाते र देउपाले बगर (वडा नं. ९) | ६५२८७.० | ७ | १,६१,३८,८१३.६ | ५,००० | |
| BRM/NCB/IR/06/083/084 | डडुवा बगर (वडा नं. १०) | ४८४७७.२ | ७ | १,१९,८३,४७७.१ | ५,००० | |

**ठेक्का सम्बन्धी शर्तहरू:**

१. माथि उल्लिखित ठेक्काको बोलपत्र भर्दा कुल कबोल रकम अङ्क र अक्षर दुबैमा खुलाउनुपर्नेछ। अङ्क र अक्षरमा स्पष्ट रूपमा नलेखिएमा उक्त बोलपत्र स्वतः रद्द हुनेछ। उल्लिखित आय ठेक्कामा जुन कबोलकर्ताको अङ्क बढी हुन्छ सो कबोलकर्ताको बोलपत्र स्वीकृत गरिनेछ। अक्षर र अङ्कमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
२. ठेक्का सम्झौता भए पश्चात् कुनै पनि किसिमको बन्द, हड्ताल, बाढी, पहिरो लगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन। IEE साथै प्रतिवेदनले तोकेको परिमाणभन्दा बढी तथा निषेध गरेको अवधि एवं तोकिएको नदी क्षेत्रबाट बाहेक सामग्री उत्खनन गर्न पाइनेछैन।
३. माथि उल्लिखित ठेक्काको कबोल अङ्कमा थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले यस कार्यालयमा बुझाउनुपर्नेछ।
४. धरौटी बापत कबोल गरेको अङ्कको (मू.अ. कर सहित) ५ प्रतिशत रकम यस कार्यालयको नबिल बैंक लि., भुम्लु शाखा, सल्लेस्थित रहेको भुम्लु गा.पा. ३.० धरौटी खाता नं. २१५०१०१७५०००२२ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको "क" वर्गको बैंकबाट जमानत (बिडबन्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गरिने छैन। बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।
५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको नबिल बैंक नेपाल लि. भुम्लु शाखा सल्लेमा रहेको भुम्लु गा.पा. १.१ आन्तरिक राजस्व खाता नं. २१५०१०१७५०००४५ मा दाखिला गर्नुपर्नेछ।
६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
७. बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।
८. ठेक्कामा कुनै विवाद भएमा भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।
९. बोलपत्र फाराम नियमानुसारको राजस्व रकम तिरी www.bhumlumun.gov.np को वेबसाइट मार्फत डाउनलोड गरी अथवा भुम्लु गाउँपालिकाको राजस्व शाखाबाट खरिद गरी पेश गर्न सकिनेछ।
१०. उपरोक्त ठेक्काका लागि सूचना प्रकाशित भएको मितिले प्रचलित नियमानुसार बोलपत्र खरिद गरी मिति २०८३।०६।२७ गते दिनको १२:०० बजेभित्र कार्यालयमा उपस्थित भई पेश गर्नुपर्नेछ। साथै उक्त सूचना भुम्लु गाउँपालिकाको वेबसाइट www.bhumlumun.gov.np मा राखिएको छ र प्राप्त बोलपत्रहरू सोही दिन दिनको १३:०० बजे भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ।
११. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यावसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मू.अ. कर प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दस्तुर तिरेको भौचर, बैंक ग्यारेन्टी वा धरौटी रकम जम्मा गरेको भौचर र आ.व. २०८२।०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप प्रमाणपत्र प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ। बोलपत्र दाता व्यक्ति हुँदा नागरिकताको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।
१२. बोलपत्र दाताले कबोल रकम प्रमाणित फाराम भरी सहीछाप गरी पेश गर्नुपर्नेछ।
१३. बोलपत्र फारामहरू दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा क्रमशः सो को भोलिपल्ट दाखिला गर्ने, खोल्ने कार्य गरिनेछ।
१४. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागू हुनेछन्।
१५. बोलपत्र स्वीकृत भएपछि कुनै पनि मिनाहा छुट दिइनेछैन। तोकिएको मितिमा सम्झौता गर्न नआएमा जमानत रकम जफत गरी नियमानुसार कारबाही गरिनेछ।
१६. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।
१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न बाधा पर्नेछैन।
१८. अन्य कुराहरू यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना र प्रचलित ऐन कानून बमोजिम हुनेछ।
१९. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका बोलपत्रहरू मूल्याङ्कनमा समावेश गरिनेछैन।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरू:**

१. ठेक्का सम्झौता गर्न आउँदा बोलकबोल रकमको पहिलो किस्ताको पहिलो ३५ प्रतिशत (भ्याट सहित) किस्तामा बुझाउनुपर्नेछ। बाँकी रकमको ६५ प्रतिशत (भ्याट सहित) कार्य सम्पादन जमानत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८४ साल असोज मसान्तसम्म म्याद भएको जमानत (पर्फर्मेन्स बन्ड) पेश गरे पश्चात् मात्र ठेक्का सम्झौता गरी पट्टा दिइनेछ।
२. ठेक्का सम्झौता भएको मितिदेखि २०८४ साल जेठ मसान्तसम्म IEE मा तोकिए बमोजिको परिमाण उत्खनन गर्न पाइनेछ। साथै बिक्री वितरण असार मसान्त सम्मका लागि कायम रहनेछ।
३. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ।

| किस्ता | किस्ता बुझाउने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का सम्झौता बखत | कबोल अङ्कको ३५ प्रतिशत हुन आउने रकम (मू.अ.कर सहित) | समय सीमा नाघी किस्ता बुझाउन आएमा वार्षिक १०% को दरले ब्याज जोडी दाखिला गर्नुपर्नेछ। |
| दोस्रो | २०८३ साल माघ मसान्तभित्र | कबोल अङ्कको ३५ प्रतिशत हुन आउने रकम (मू.अ.कर सहित) | |
| तेस्रो | २०८४ जेठ मसान्तभित्र | कबोल अङ्कको ३० प्रतिशत हुन आउने रकम (मू.अ.कर सहित) | |

४. ठेक्का कबोल गर्ने ठेकेदारले भुम्लु गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने सङ्कलन तथा बिक्री तर्फका रसिदहरू ठेकेदारले आफ्नो तर्फबाट छपाइ उक्त रसिदहरू यस कार्यालय (कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी) बाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारबाही गरिनेछ।
५. ठेकेदारले उठाउने ढुङ्गा, गिट्टी र बालुवा कर शुल्क गाउँपालिका क्षेत्र भित्रको सङ्कलन केन्द्रमा नै उठाउनुपर्नेछ। साथै उक्त बगर क्षेत्रमा जाने बाटो अवरुद्ध भएमा ठेकेदार स्वयंले बाटो मर्मत गरी सञ्चालन गर्नुपर्नेछ र दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।
६. भुम्लु गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन।
७. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी सङ्कलन गर्न पाइनेछैन।
८. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्नेछ। पहिलो, दोस्रो र तेस्रो किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा "क" वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जना दाबी गर्न पाउनेछैन।
९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट वा मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।
१०. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।
११. भुम्लु गाउँपालिका भित्रका ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा सङ्कलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण मात्र उत्खनन गर्न पाइनेछ।
१२. ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदिको सङ्कलन, उत्खनन तथा विक्रीका सम्बन्धमा प्रादेशिक अनुगमन समिति, जिल्ला अनुगमन तथा समन्वय समिति, स्थानीय अनुगमन समिति र गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरू ठेक्का लिने पक्षले पूर्ण रूपले पालना गर्नुपर्नेछ।
१३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरूको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।
१४. ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र IEE प्रतिवेदन मा भएको व्यवस्थालाई पूर्ण रूपमा पालना गर्नुपर्नेछ।
१५. अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

## Janak Education Materials Centre Limited

**Sanothimi, Bhaktapur**
**Publication Date: September 23, 2026**
Invitation for Sealed Bids

### National Competitive Bidding (NCB)

Janak Education Materials Centre Limited invites sealed bids from eligible bidders for the following goods under NCB Single Stage Single Envelope procedures.

| IFB No. | Name of Contract | Price of Bid Document | Bid Security amount | Bid Security Validity Period | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|
| JEMC/NCB /Goods/ 9-2083/84 | Procurement of 100/120 g/m² Maplitho Paper | NRs. 3,000.00 (ThreeThousands) | NRs. 60,000.00 (Sixty Thousands) | 120 Days from last date of bid submission | October 14, 2026 on 12:00 PM | October 14, 2026 on 14:00 PM |

**Eligible Bidders may obtain further information from JEMC Website: https://janakedu.org.np/, Phone: 6630787.**

**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Groundwater Irrigation Project**
**Bharatpur, Chitwan**

### INVITATION FOR BIDS (NCB/SEALED QUOTATION)

**Date of publication: - 2083-06-07 (23-Sep-2026)**

1. Groundwater Irrigation Project, Bharatpur, Chitwan re-invites sealed bids (Hard Copy) for eligible bidders for the following construction works (as described on the table below) under National Competitive Bidding/Sealed Quotation procedures, previously published on 2083/04/31 as Electronic Bids but cancelled due to problem in e-GP System in reference to letter Ref. no.: MIT/182, Date: 2083/05/11, issued by PPMO.

| Bid Notice no. | Name of work | Estimated Amount (without VAT & Contingency including PS) | Bid Doc. Fee | Bid Security Fee | Last Date for Bid Purchase and Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| GWIPC/ WORKS/ NCB/DTW/ 083/084-01 | Construction of 8-inch Dia. Deep Tubewell and Pumping Test Work at Various Places of Parsa District | 1,02,50,575.00 | 3,000/- | 2,91,000/- | Before 17:00 hrs. 2083/06/27 and Before 12:00 hrs. 2083/06/28 | At 13:00 hrs 2083/06/28 |
| GWIPC/ WORKS/ NCB/PUMP/ 083/084-02 | Supply and Installation of Submersible Pump and motor Sets with Accessories at various Places of Chitwan, Bara and East Nawalparasi Districts | 84,02,641.00 | 3,000/- | 2,38,000/- | | |
| GWIPC/ WORKS/ NCB-01/ 2083-084 | Construction of Pump House and Distribution System at Various Places of Bharatpur Metropolitan City and Kalika Municipality of Chitwan District. | 1,70,98,819.83 | 3,000/- | 5,00,000/- | | |
| GWIPC/ WORKS/ NCB-02/ 2083-084 | Construction of Pump House and Distribution System at Various Places of Thori Rural Municipality of Parsa District. | 1,69,99,135.75 | 3000/- | 5,00,000/- | | |
| GWIPC/ ELEC/083/ 84/SQ-2 | HT/LT Electrification work and Transformer Installation work at Aathghare (Thori-4), Parsa District. | 11,87,332.14 | 1,000/- | 34,000/- | Before 17:00 hrs. 2083/06/13 and Before 12:00 hrs. 2083/06/14 | at 13:00 hrs 2083/06/14 |
| GWIPC/ ELEC/083/ 84/SQ-3 | HT/LT Electrification work and Transformer Installation work at Madhavpur (Ratnanagar-15), Chitwan District | 14,58,295.56 | 1,000/- | 42,000/- | | |

2. Eligible bidders can purchase the bidding document from Groundwater Irrigation Project, Bharatpur, Chitwan and may obtain further information by email or phone (groundwaterchitwan@gmail.com , 056-596922, 9764396400)

Bank Account Details:

| Particulars | Revenue Account | Deposit/Dharauti Account |
|---|---|---|
| Bank Name | Rastriya Banijya Bank, Bharatpur | Rastriya Banijya Bank, Bharatpur |
| Account Name | Groundwater Irrigation Project | Ko.Le. Ni. Ka, Bharatpur, Chitwan |
| Account Number | 1000100200010000 | 1310100102030000 |
| Office Code | 308033103 | 308023801 |
| Revenue Code | 14229 | N/A |

**Project Chief**